नगराईन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | संख्या : ७ | मिति : २०७६/०२/३०

## भाग–२

### नगराईन नगरपालिका, धनुषा

नगराईन नगरपालिकाको प्रशासकीय (कार्यविधि) नियमित गर्ने ऐन, २०७५ को दफा ४ को उपदफा (१) बमोजिमको नगराईन नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७६ सालको कार्यविधि नं. २

### नगराईन नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०७६

नगराईन नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ लाई संशोधन गर्न वान्छनीय भएकोले,

नगराईन नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५को दफा ४ प्रयोग गरी नगराईन नगरपालिकाले देहायका कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "नगराईन नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि (पहिलो संशोधन) कार्यविधि,२०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नगराईन नगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७५को दफा ४ मा संशोधन** : नगराईन नगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७५ (यस पछि "मूल कार्यविधि" भनिएको)को परिच्छेद(२ को ४(ग) को सट्टा देहायको ४(ग) राखिएको छ ।

"दफा ४ (ग) : वडा स्तरीय योजना बाहेक अन्य आयोजना संचालनको लागि उपभोक्ता समिति गठन गर्दा नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ"

३. **मूल कार्यविधिको अनुसूची २ (सम्झौता शर्तहरुको सि.नं. १४क. थप** : मूल कार्यविधिको अनुसूची २(सम्झौता शर्तहरुको सि.नं. १४ पछि देहायको १४क.थपिएको छ ।





"१४क. वडा स्तरीय योजना बाहेक अन्य योजनाहरुको हकमा सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन,नापी किताव,प्रमाणित विल भरपाई, योजनाको फोटो,सम्बन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परिक्षणको निर्णयको प्रतिलिपी तथा नगर स्तरीय अनुगमन समितिको सिफारिस सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नु पर्नेछ ।

प्रमाणिकरण मितिः २०७६/०२/५ गते

आज्ञाले,
**ओम प्रकाश महतो**
प्रमुख प्रशासकीय अधिकृत

नगराईन नगरपालिकाद्वारा प्रकाशित मुल्य रु. ५ /-



CamScanner